# सुन्दरहरैंचा नगरपालिकाको आन्तरीक आय संकलन हटिया ठेक्का सम्बन्धि सूचना।

## प्रथम पटक प्रकाशित मिति : २०७८ असार १२ गते

यस नगरपालिकाको आ.व. २०७८/०७९ का लागि आन्तरीक आय ठेक्का मार्फत बन्दोबस्त गर्नु पर्ने भएकोले नगर क्षेत्रका विभिन्न हटियाहरुको बहाल विटौरी शुल्क असुली गर्ने कार्यका लागि सूचना प्रकाशन गरीएको छ। ईच्छुक फर्म, कम्पनी र व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगर कार्यपालिका कार्यालयको राजश्व शाखाबाट रु १०००।०० (अक्षरेपी रु एक हजार मात्र) को बोलपत्र फारम खरीद गरी सोको भोलिपल्ट दिनको १२ बजे भित्र तल उल्लेखित रकममा नघटने गरी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ।

| सि.नं. | ठेक्का नम्बर | हाटबजारको नाम | वडा | ठेक्का रकम भ्याट समे |
|---|---|---|---|---|
| १ | राजश्व १/१०१ | पचाम हटिया | १ | १५,०००।०० |
| २ | राजश्व २/१०१ | मृगौलिया बजार | २ | ४०,०००।०० |
| ३ | राजश्व ३/१०१ | खोर्सान‍े साप्ताहिक हटिया | १२ | ७५,०००।०० |
| ४ | राजश्व ४/१०१ | हरैंचा बजार | १ | २,५०,०००।०० |
| ५ | राजश्व ५/१०१ | आईतरबारे पशुहाट | ३ | २,०००००।०० |
| ६ | राजश्व ६/१०१ | भैसिगोठ हटिया | ४ | १,५०,०००।०० |
| ७ | राजश्व ७/१०१ | गछिया बजार बिहीबारे हटीया | ७ | ३,०००००।०० |
| ८ | राजश्व ८/१०१ | गोठगाउा बजार मंगलवारे | ७ | १,२५,०००।०० |
| ९ | राजश्व ९/१०१ | सलकपुर साप्ताहीक हटिया | ८ | २,०००००।०० |
| १० | राजश्व १०/१०१ | बुधबारे साप्ताहीक हटिया | ९ | ३,२५,०००।०० |
| ११ | राजश्व ११/१०१ | बेलेपुर साप्ताहीक हटिया | ११ | २५,०००।०० |

१. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाईने छैन।

२. शुल्क असुलिको दर कार्यालयबाट बोलपत्र फारम साथ उपलब्ध गराईनेछ।

३. ठेक्का अबधि सम्झौता भएको मिति देखी २०७९ आषाढ मसान्त सम्म हुनेछ भने आर्थिक बर्षमा घटेको महिना र दिनको आधारबाट तोकिएको ठेक रकममा कुनै असर पर्ने तथा छुट हुने व्यवस्था छैन।

४. प्रत्येक ठेक्काको छुटटा छुटटै बोलपत्र खरीद गरी प्रतिस्पर्धा गर्नु पर्नेछ।

५. बोलपत्रदाताले खामको बाहिर पटटी कुन ठेक्काको लागि प्रतिस्पर्धा गरको हो सो ठेक्काको ठेक्का नम्बर, ठेक्काको नाम, ठेकदारको नाम लेखि शिलबन्दि गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ।

६.शिलबन्दि फारम पेश गर्दा व्यक्ति भए नागरीकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी, आन्तरीक राजश्व कार्यालयबाट प्राप्त भ्याट वा पान नम्बरको प्रतिलीपी, आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, सुन्दरहरैंचा नगरपालिका क्षेत्रको फर्म भए यस नगरपालिकाबाट जारी गरीएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरीक भए कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाका कार्यालयको कृषि विकास बैक शाखा कार्यालय विराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दि बोलपत्रमा सम्लग्न गर्नु पर्नेछ।

७. शिलबन्दि बोलपत्र दाखिला गर्ने दिनको १२ बजे भित्र यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ भने दाखिला गर्ने दिन दिनको ठिक २ बजे पश्चात शिलबन्दि बोलपत्र खोलिनेछ। दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिमको प्रक्रिया अगाडी बढाईनेछ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९. ठेक्का रकम अग्रिम एकमुष्ट बुझाउनु पर्नेछ। अग्रिम रकम नबुझाएमा बैक ग्यारेन्टी अनिवार्य हुनुपर्नेछ। अग्रिम रकम बुझाए बापत कुनै प्रकारको छुट दिने व्यवस्था छैन।

१०. ठेक्का सम्झौता गर्ने व्यक्तिको धरौटी रकम ठेक्का रकममा मिलान गरीने छैन साथै ठेक्का अबधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन दिनु पर्नेछ। साथै कार्यालयले उपलब्ध गराएका दररेट भन्दा हाट बजार शुल्क असुलि गरेको प्रमाणीत भएमा धरौटी रकम कटटा गरी सम्बन्धितलाई उपलब्ध गराईनेछ भने पटक पटक सोही प्रक्रिया दोहोरयाएमा कानून बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचीमा राखिनेछ।

११. ठेक्का सँग सम्बन्धित रसिद ठेकेदार स्वयंले छपाई कार्यालयबाट प्रमाणीत गरी बहाल विटौरी कर संकलन गर्नु पर्नेछ।

१२. बन्द हडताल, भुकम्प, बाढी पहिरो जस्ता प्रकृतिक र मानवीय विपद सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, कम्पनी र फर्मले छुट मागेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।

१३. एउटा व्यक्तिले खरीद गरेको बोलपत्र अर्को व्यक्तिले खरीद गर्न पाउने छैन।

१४. कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार, कम्पनी, फर्म वा व्यक्तिको हुनेछ।

१५. यो सूचनामा उल्लेखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानून र सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।